# शिवराज राजपत्र

शिवराज नगरपालिकाद्वारा प्रकाशित

खण्डः ८ संख्याः १७ मितिः २०८१।१०।०८

## भाग-१

शिवराज नगरसभाले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ ।

नेपालको संविधानको धारा २२९ को उप-धारा (२) बमोजिम शिवराज नगरसभाले यो **शिवराज नगरपालिकाको आर्थिक ऐन, २०८१ लाई संशोधन गर्न बनेको ऐन, २०८१** जारी गरेको छ ।

# शिवराज नगरपालिकाको आर्थिक ऐन, २०८१ लाई संशोधन गर्न बनेको ऐन, २०८१

**नगर सभाबाट स्वीकृत मितिः २०८१।०९।२५**

**प्रस्तावनाः** शिवराज नगरपालिकाको आर्थिक ऐन, २०८१ ले प्रस्ताव गरे बमोजिम स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनीक व्यवस्था गर्न बनेका कर तथा शुल्कका दर र दायरामा समय सापेक्ष संशोधन गर्न तथा केही नयाँ करका दर दायराहरु थप गर्न आवश्यक देखिएकोले नेपालको संविधानको धारा २२८ को उपधारा २ बमोजिम यो ऐन बनाएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भः**

१. यस ऐनको नाम शिवराज नगरपालिकाको आर्थिक ऐन, २०८१ लाई संशोधन गर्न बनेको ऐन, २०८१ रहेको छ ।

२ यो विधेयक नगर सभाबाट स्वीकृत भए पश्चात शिवराज नगरपालिका क्षेत्रमा लागु हुनेछ।

**२. शिवराज नगरपालिकाको आर्थिक ऐन २०८१ मा देहाय बमोजिम संशोधन गर्न बाञ्छनीय भएकोले संशोधन गरिएको छ ।**

| सि.नं. | विवरण | साविक दर न्युनतम | संशोधित दर न्युनतम | कैफियत |
|---|---|---|---|---|
| १ | कवाडी ठेक्का | ३० लाख | १५ लाख | |
| २ | विज्ञापन कर | ५ लाख | २ लाख ५० हजार | |
| ३ | टोटल स्टेशन | नतोकिएको | प्रतिदिन २५००।- | |
| ४ | क्युवमोल्ड | नतोकिएको | प्रतिदिन १००।- | |
| ५ | लेवल मेसिन | नतोकिएको | प्रतिदिन १५००।- | |

**३. यस ऐनमा व्यवस्था भए बाहेक शिवराज नगरपालिकाको अर्थ सम्बन्धि अन्य व्यवस्था शिवराज नगरपालिकाको आर्थिक ऐन, २०८१ बमोजिम नै हुनेछ ।**

**आज्ञाले,**
**बाबुराम पौडेल**
**प्रमुख प्रशासकीय अधिकृत**